DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# न्यायको खोजीमा नागरिक

अंक ४ | पुस २०८०

## सारांश

लोकतान्त्रिक शासन व्यवस्था भएको देशमा जनताको आवाज सुन्नु र न्याय निरूपण गरी क्षतिपूर्ति र दण्ड जरिवाना गर्नु राज्यको दायित्त्व हो। तर राज्यका संयन्त्रले व्यक्तिगत घटनाको अनुसन्धान र न्याय निरूपणमा बेवास्ता या चलखेल गरेको आरोपमा नागरिक विरोध प्रदर्शन, धर्ना, अनसन जस्ता प्रतिरोधी कार्यक्रम गरी राज्यको ध्यान तान्न बाध्य भएका उदाहरण धेरै छन्। जनकपुरकी आरती साहको मृत्यु प्रकरण, नेपालगञ्जका चेतन मानन्धरको हत्याका दोषी रिगल उर्फ योगराज ढकाललाई सरकारले कैद माफी गरेको प्रकरण र नेपालगञ्जकै नकुन्नी धोवीको मृत्यु एवम् निर्मला कुर्मीको अपहरण र बेपत्ता प्रकरणका मुद्दा तिनै मध्येका हुन्। यी घटनालाई पीडित सर्वसाधारण नागरिकले काठमाडौँको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरी चर्चामा ल्याए। त्यसपछि राज्यले तिनका कुरा सुनेको संकेत देखियो। तर सबै घटनामा यसरी विरोध प्रदर्शन गर्ने सामर्थ्य र धैर्य सबै पीडितको हुँदैन। यस्तो अभ्यास गर्नै नपर्ने गरी राज्यले न्यायमा सबै नागरिकको समान पहुँचको सुनिश्चितता गर्नुपर्छ। तर राज्यका संयन्त्र विरोध प्रदर्शन गर्नलाई निरूत्साहित गर्ने ध्येयले विभिन्न स्थललाई निषेधित क्षेत्र घोषणा गरेको छ र यो लोकतान्त्रिक सरकारका लागि सुहाउने कदम होइन।

## पृष्ठभूमि

नेपालमा न्याय सम्पादनको अधिकारसहित जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत क्रियाशील छन्। निश्चित प्रकृतिका न्याय निरूपणमा जिल्ला प्रशासन कार्यालयको पनि भूमिका छ। साथै, गैरफौज्दारी प्रकृतिको न्याय सम्पादनका लागि केही अधिकार स्थानीय तहका न्यायिक समितिलाई पनि दिइएको छ। प्रहरी र प्रशासनले कानूनको पालना र अवहेलनाको अनुसन्धान गरी न्यायिक निकायलाई सघाउने प्रावधान छ। नेपाल सरकार प्रतिवादी हुने मुद्दामा प्रहरीमा जाहेरी दिएपछि प्रहरीले अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दर्ता गर्छ। व्यक्तिगत घटनामा व्यक्तिले नै सिधै अदालतमा मुद्दा दायर गर्ने व्यवस्था छ।

अन्यायमा परेको महसुस भएपछि नागरिक न्यायका लागि सबैभन्दा पहिले स्थानीय सरकार, प्रहरी या न्यायपालिकामा पुग्छ । त्यसबेला नागरिकलाई न्यायको प्रत्याभूति हुने गरी ती निकायले काम गर्न सकेनन् भने राज्यप्रति तिनको विश्वास गुम्छ। नेपालमा पछिल्ला केही घटनाले नागरिकमा न्याय प्राप्ति कठिन भएको संकेत गरेका छन् । विभिन्न सीमा र प्रभावका कारण राज्यका निकायले आफ्नो भूमिका राम्ररी निर्वाह नगरिदिनाले नागरिक अन्यायमा परेका घटना हुन् ती । त्यस्ता घटनामा पीडित पक्षले न्यायका लागि आवाज उठाउन सकसपूर्ण सङ्घर्ष गरेका उदाहरण हाम्रा सामु छन्। यस राजनीतिक परिवेश विश्लेषणमा तिनै पीडितका सङ्घर्ष र त्यसले संकेत गरेका परिणतिलाई लेखाजोखा गरिएको छ। पीडितले गर्ने यस्ता विरोध प्रदर्शनको पर्याय बनेको माइतीघरमा पछिल्लो समयमा विरोध प्रदर्शनका कुनै पनि गतिविधि गर्न रोक लगाइएको छ। पेशागत हक हित, सामूहिक स्वार्थ या बृहत् राजनीतिक माग राखेर गरिने विरोध प्रदर्शन यस राजनीतिक परिवेश विश्लेषणले समेट्दैन। यसले अन्यायमा परेका व्यक्ति वा तिनका परिवारले न्याय प्राप्तिका लागि उठाएका आवाज, त्यसले ल्याएको प्रत्यक्ष परिणाम र त्यसले राज्य एवम् नागरिकको सम्बन्धमा ल्याएको विश्वासको संकटबारे चर्चा गरेको छ। यसका लागि अध्ययनका क्रममा मानव अधिकारकर्मी र नागरिक अभियन्ताहरूसँग संवाद गरिएको थियो। साथै, विभिन्न पत्रपत्रिका तथा अनलाइनमा प्रकाशित समाचार र विश्लेषणलाई पनि समेटिएको छ।

## पछिल्ला केही घटना

**घटना १**

जनकपुरको थापाचोककी २२ वर्षिया आरती साहको जेठ ७, २०८० गते मृत्यु भयो। आरतीको मृत्युलाई उनको माइती पक्षले दाइजो नपुगेको निहुँमा हत्या गरेको दावी गर्दै आएको छ भने उनको श्रीमान् पक्षले आत्महत्या गरेको बताउँछ । विवाहमा आरतीलाई दाइजोसहित २५ लाख रुपैयाँ दिँदा पनि उनको श्रीमान्को परिवारले दाइँजो कम भएको भन्दै शारीरिक तथा मानसिक यातना दिने गरेको आरतीको माइती पक्षको

भनाइ छ । आरतीको घाँटी र गालाका साथै शरीरका अन्य भागमा घाउसमेत भएकाले उनका माइती पक्षले प्रहरीमा उनका ससुरा र श्रीमान् सहित चार जनाविरुद्ध कर्तव्य ज्यान मुद्दाको जाहेरी दिन खोजे ।[१]

आरती साहकी बहिनी मनिषा साह भन्छिन्, "हामीले चार जनाको नाममा किटानी जाहेरी दर्ता गर्न खोजे पनि जिल्ला प्रहरी कार्यालय धनुषाले मानेन । अनि हुलाकबाट जाहेरी पठाइयो, त्यसलाई पनि स्वीकारिएन । त्यसपछि जिल्ला प्रहरी कार्यालय अगाडि शव राखेर हामीले सडकमा प्रदर्शन गर्न थालेपछि मात्रै दुई जनाको विरुद्धमा जाहेरी देऊ हामी लिन्छौँ भनियो । प्रहरीले कर्तव्य ज्यानमा जाहेरी दर्ता गरेर अनुसन्धान गर्ने प्रतिबद्धता जनाएपछि मात्र शवको दाहसंस्कार गरियो ।"[२]

प्रहरीले अदालतमा पेश गर्नका लागि माइतीपक्षको बयान लिने क्रममा बोलेको भन्दा फरक लेखिएको पाइएपछि उनीहरूले विरोध गरेको र त्यसपछि प्रहरीले आरतीका आफन्तलाई कुटपिट गरी यातना दिएको आरतीका माइतीपक्षको दाबी छ । साथै प्रहरीले जहिले पनि यस मुद्दालाई फितलो पार्न खोजेको पनि उनीहरूको आरोप छ ।[३] न्याय दिलाउने प्रहरी प्रशासनले पीडतलाई नै यातना दिएपछि न्याय पाउने आसामा पीडित परिवार असार १, २०८० मा काठमाडौँको माइतिघर मण्डलामा आई धर्ना दिए ।

यसैबीच जिल्ला सरकारी वकिल कार्यालय धनुषाले जिल्ला अदालतमा आरतीका श्रीमान् र ससुराविरुद्ध असार १, २०८० मा ज्यानसम्बन्धी मुद्दा दर्ता गरेको थियो । थुनछेक बहसपछि असार ५ गते जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो । तर असोज १९ मा उच्च अदालत जनकपुरले जिल्ला अदालतको निर्णय बदर गर्दै आरतीका पति र ससुरालाई रिहा गर्ने आदेश दियो ।[४] फेरि, गत मंसिर २०, २०८० मा सर्वोच्च अदालतले आरती साह मृत्यु प्रकरणमा श्रीमान् मोतीबाबु साहलाई थुनामा पठाउन आदेश दिएपछि प्रहरीले आरतीका श्रीमान्लाई पक्राउ गरेको छ । आरती साहका ससुरासँग अदालतले एक लाख रूपैयाँ धरौटी माग गरेको छ ।[५]

### घटना २

असार २८, २०७२ गते खुँडा प्रहारबाट घाइते बनेका नेपालगञ्ज, बाँकेका चेतन मानन्धरको उपचारको क्रममा मृत्यु भएको थियो । अनुसन्धानबाट रिगल उर्फ योगराज ढकालले उनलाई खुँडा हानेको खुलेको थियो । नेपालगञ्जको यस घटनामा संलग्न ११ जना पक्राउ परे पनि रिगल फरार थिए । तर भदौ ७, २०७२ मा उनले अदालतमा आत्मसमर्पण गरे । आपराधिक क्रियाकलापमा लागेका उनी नेपाली काँग्रेसको भातृ संगठन तरुण दलमा आबद्ध थिए ।[६] अदालतबाट उनको अपराध प्रमाणित भएसँगै उनलाई 'सर्वस्वसहित जन्मकैद' को सजाय भएको थियो । तर २०८० सालको संविधान दिवसको दिनमा सरकारले उनको बाँकी कैद माफ गरेपछि उनी कैद मुक्त भए । उनले जम्मा आठ वर्ष मात्र कैद सजाय भोगेका थिए ।

आफ्ना श्रीमान् चेतन मानन्धरको हत्यामा संलग्न रिगललाई आममाफी दिने सरकारको निर्णयविरुद्ध असोज १७, २०८० देखि भारती मानन्धर माइतीघरमा अनसन बसेकी थिइन् । जघन्य अपराधका दोषीलाई दिइएको कैद माफीको निर्णय खारेज गर्न माग गर्दै उनले सर्वोच्च अदालतमा रिट दायर पनि गरेकी थिइन् । सर्वोच्चको फैसला नआएसम्म उनी निरन्तर रूपमा माइतीघरमै अनसन बसिरहिन् ।

कात्तिक १६, २०८० मा सर्वोच्च अदालतको पूर्ण इजलाशले रिगल भनिने योगराज ढकाललाई गरेको कैद मिनाहालाई तत्काल बदर गर्न र रिगललाई तत्काल पुनः पक्राउ गरी कारागार चलान गर्न पनि परमादेश दियो । सोही दिन प्रहरीले रिगललाई पक्राउ गरी कारागार चलान गर्‍यो र अहिले उनी जेलमै सजाय भोगिरहेका छन् ।

### घटना ३

असोज २०७८ मा बाँकेका ११ महिलासहित १४ जनाको टोली न्याय माग्दै नेपालगञ्जबाट २० दिन हिँडेर काठमाडौँ आइपुग्यो । बाँकेको नेवाजी गाउँकी नकुन्नी धोवी आफ्नै घरमा मृत अवस्थामा फेला परेको र बाँकेकै परस्पुर गाउँकी निर्मला कुर्मी हराएको तर यी दुवै घटनामा प्रहरीले पर्याप्त अनुसन्धान नगरेकोले उनीहरू काठमाडौँ आएका थिए ।[७]

बाँकेको जानकी गाउँपालिका २ नेवाजीकी नकुन्नी धोवी साउन ५, २०७८ मा आफ्नै घरमा मृत अवस्थामा फेला परेकी थिइन् । पर्याप्त दाइजो नल्याएको र सन्तान जन्माउन नसकेको आरोपमा यातना भोग्न बाध्य भएकी उनको हत्या भएको माइती पक्षको दावी छ । आफू घरेलु हिंसामा परेको भन्दै न्याय माग्न उनी असार ७, २०७८ मा बाँकेस्थित राष्ट्रिय महिला अधिकार मञ्च गएको बुझिन्छ । मञ्चको सहायतामा प्रहरीमा उजुरी दिने तयारी पनि भइरहेको थियो । तर यसै बीचमा उनको शव उनकै घरमा झुण्डिएको अवस्थामा फेला पर्‍यो । नकुन्नीले राष्ट्रिय

---

[१] ढुंगाना, मदन । २०८० । आरतीको हत्या कि आत्महत्या ? निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीको माग गर्दै माइतीपक्षको धर्ना । *रातोपाटी* । https://www.ratopati.com/story/369023/arati-shah-case- मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।

[२] प्रतिरोध पडकास्ट । २०२३ । जस्टिस फर आरती साह । *भिलेज नेपाल स्टुडियो* । https://www.youtube.com/watch?v=T0f2D0gvbKc&t=4254s मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।

[३] अछामी, सरिशा । २०८० । २२ वर्षे छोरीको मृत्युपछि दिनरात सडकमा बसेर न्याय मागिरहेकाहरू । *सेतोपाटी* । https://www.setopati.com/social/305325 मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

[४] रातोपाटी । २०८० । आरती साह मृत्यु प्रकरण : थुनामा रहेका पति र ससुरा साधारण तारेखमा रिहा । https://www.ratopati.com/story/388839/high-court-janaktpur मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

[५] नेपालखबर । २०८० । आरती साह मृत्यु प्रकरण : श्रीमानलाई थुनामा पठाउन सर्वोच्चको आदेश । https://nepalkhabar.com/society/185119-2023-12-6-20-16-53 मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

[६] उकेरा । २०८० । खुँडा हानेर मान्छे मार्ने गुण्डालाई सरकारको माफी, जेलमुक्त भएपछि तरुण दलको स्कटिङ र अबिर जात्रा । https://www.ukeraa.com/news/detail/139135/ मा उपलब्ध; पुस ३, २०८० मा हेरिएको ।

[७] राउत, स्वेच्छा । सन् २०२१ । नकुन्नी धोबीको मृत्यु र निर्मला कुर्मीको अपहरणपछि सुरु भएको सेल्फीमा नअटाएको आन्दोलन । *बीबीसी* । https://www.bbc.com/nepali/news-59611432 मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

महिला अधिकार मञ्चमा बुझाएको निवेदन बोकेर प्रहरी कार्यालयदेखि जिल्ला प्रशासन कार्यालय धाएर पनि न्याय नपाएको उनका परिवारका साथै महिला अधिकारकर्मी रुबी खानको दावी छ ।[८] अर्को घटना नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७, परस्पुरकी निर्मला कुर्मीसँग सम्बन्धित थियो । उनी २०७५ सालदेखि बेपत्ता भएकी हुन् । सम्पत्ति हडप्न उनको हत्या गरिएको र मंसिर १६, २०७७ मा किटानी जाहेरी दिए पनि प्रहरीले अनुसन्धानमा बेवास्ता गरेको उनका परिवारको भनाइ छ ।[९] किटान गरिएको व्यक्ति नेपाली काँग्रेसको नेतृत्व पंक्तिमा भएकाले प्रहरीले यस घटनामा चासो नदिएको आरोप अधिकारकर्मी रुबी खानको छ । दण्डहीनताको व्यापकतापछि दुवै पीडितका परिवारसहित केही मानवअधिकारकर्मी सम्मिलित टोलीले असोज १, २०७८ मा नेपालगन्जबाट काठमाडौँका लागि पैदल यात्रा सुरु गरेको थियो । असोज २० मा काठमाडौँ आइपुगेको उक्त टोली केही दिन अनसन बसेको थियो ।[१०]

त्यसपछि बल्ल सरकारले उनीहरूको मागउपर ध्यान दिई छानबिन समिति बनाएको थियो । त्यसपछि उनीहरू अनसन तोडेर नेपालगन्ज फर्किए । उक्त छानबिन समितिले यसबारे विस्तृत अनुसन्धान गर्न र सबै आरोपीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सरकारलाई सुझाव दिएको थियो । कात्तिक २३, २०७८ मा प्रहरीले फरार रहेका केही व्यक्तिलाई पक्राउ गरे पनि मुख्य आरोपी पूर्वसभासद बादशाह कुर्मी भने पक्राउ परेनन् । बादशाहलाई प्रहरी र सरकारले नै संरक्षण दिएको महसुस गर्दै नेपालगञ्जको महिला टोली छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गरी बादशाहलाई पक्राउ गर्न माग गर्दै धर्ना दिन मंसिर ९, २०७८ मा पुनः काठमाडौँ आइपुगेको थियो ।[११]

यी केही प्रतिनिधिमूलक घटना मात्रै हुन् । नागरिकहरूले राज्यका तर्फबाट उचित न्याय नपाएको आरोप लगाउँदै र न्यायको माग गर्दै विरोध प्रदर्शन गरेका उदाहरण अनेकौँ छन् । गोरखा बारपाकका तेलबहादुर घले नेपाली सेनाले सडक बनाउँदा घर भत्काइदिएको गुनासो सहित माइतीघर मण्डलमा धर्नामा बसेका थिए । कैलालीको जानकी गाउँपालिकाका वीरेन्द्र जैसी प्रहरीलाई सहयोग गर्दा गोली लागेर घाइते भएका र प्रहरीले उपचार खर्च बेहोर्ने भने पनि पैसा नपाएपछि माइतीघर मण्डलामा धर्ना बसेका थिए । अन्यायमा परेको महसुस गरे पनि राज्य संयन्त्रले त्यसको उचित सुनुवाइ नगरेकोले आफ्नो आवाज मुखरित गर्न देशका विभिन्न भागबाट काठमाडौँ आई न्यायको मागसहित विरोध प्रदर्शन गर्ने नागरिकको सूची लामो छ ।

## काठमाडौँ केन्द्रित विरोधका आयाम

काठमाडौँको माइतीघर न्यायको खोजीमा हिँडेका पीडितहरूको प्रदर्शन स्थल बन्दै गइरहेको छ । आफ्नै निकटमा रहेका न्याय निरुपणका सहयोगी निकायले असहयोग गरेपछि देशका कुनाकुनाबाट ठूलो अपेक्षासहित उनीहरू काठमाडौँ आइपुग्छन् । काठमाडौँ उपत्यका प्रहरी कार्यालयको तथ्यांकअनुसार वैशाख १ देखि साउन २२, २०८० सम्मको करिब चार महिनाको अवधिमा माइतीघरमा १८३ थरीका विरोध प्रदर्शन भए, २४८ वटा धर्ना र २२ र्‍याली निकालिए ।[१२] नेपाली मिडिया काठमाडौँ केन्द्रित छ । मानव अधिकारका क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी निकाय यहीँ छन् । अनि राज्य शक्तिको केन्द्र बनेको सिंहदरबार यहीँ छ । हुन पनि माथि उल्लेख गरिएका घटनाले नेपाली मूलधारे मिडियामा अग्रस्थान पाएको उनीहरू काठमाडौँ आई धर्ना गरेपछि मात्रै हो । आरती साहको परिवारले जनकपुरमा गरेको विरोध प्रदर्शन या रुबी खान लगायतका मानवअधिकारकर्मीले नेपालगञ्जमा गरेको विरोध कार्यक्रम नेपाली मिडियामा लागि ठूलो समाचार बनेन । तर जब ती काठमाडौँमा आए अनि मात्रै तिनले मिडियाको प्राथमिकता पाए । मानव अधिकारका संस्थाहरूको ध्यान ताने । अनि बल्ल सिंहदरबार तिनका कुरा सुन्न बाध्य भयो । राष्ट्रिय मानव अधिकार आयोगकी पूर्व आयुक्त तथा अधिवक्ता मोहना अन्सारी भन्छिन्, “पहिलादेखि मान्छेको एउटा काठमाडौँ केन्द्रित मानसिकता छ, त्यो परिवर्तन भएन । पहिलाको बुझाइलाई चिर्न राज्य संरचनाले जनताको मुद्दाहरू स्थानीय तह वा प्रदेशमै सुल्झाउँछु भन्ने जुन विश्वास दिलाउनु पर्थ्यो, त्यो गर्न सकेन । राजनीतिक दलहरूले पनि त्यसमा सघाउन सकेका छैनन् । त्यसैले काठमाडौँ गएपछि हाम्रो कुरा सुनिएला कि भन्ने आशा लिएर पीडितहरू काठमाडौँ आउन थाले ।”[१३]

आफूहरू काठमाडौँ आउनुको कारण खुलाउँदै आरती साहकी बहिनी मनिषा साह भन्छिन्, “कुनै पनि घटनाका पीडितहरूले सबैभन्दा पहिला गुहार्ने भनेकै प्रहरी प्रशासनलाई हो । तर, प्रहरी प्रशासनबाटै हामीले कुटपिट र यातना भोग्नुपर्‍यो । हाम्रो पक्षमा बोलिदिने कोही थिएन । हाम्रो मुद्दा जनकपुरमै सुल्झिनुपर्ने थियो । तर त्यहाँ न्याय नपाएपछि न्यायको आशा बोकेर हामी काठमाडौँ आइपुग्यौँ ।”[१४]

काठमाडौँ आएपछि आरतीको मृत्यु र उनका माइतीपक्षले गरेको विरोध प्रदर्शनबारे मिडियाले समाचार बनाए । राष्ट्रिय महिला आयोगका प्रतिनिधिका साथै अन्य मानवअधिकार संस्थाका प्रतिनिधिले धर्नास्थलमा आई पीडित परिवारलाई भेटे र उनका पक्षमा आवाज उठाए । आरती साहको

---

[८] बस्नेत, धिरज र लक्ष्मी विश्वकर्मा । २०७८ । ज्यानै जोखिममा राखेर न्याय खोज्न काठमाडौँ आएका पीडितको आशा– हाम्रो लागि पनि त होला नि राज्य! *नेपालसमय* । https://nepalsamaya.com/detail/61082 मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।

[९] श्रेष्ठ, सविना । २०७८ । प्रहरी कारबाहीबाट असन्तुष्ट छिन् रूबी खान । *सेतोपाटी* । https://www.setopati.com/politics/253357 मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।

[१०] राउत, स्वेच्छा । सन् २०२१ । नकुन्नी धोबीको मृत्यु र निर्मला कुर्मीको अपहरणपछि सुरु भएको सेल्फीमा नअटाएको आन्दोलन । *बीबीसी* । https://www.bbc.com/nepali/news-59611432 मा उपलब्ध; मंसिर २८, २०८० मा हेरिएको ।

[११] शर्मा, शोभा ।२०७८ । सरकारी प्रतिवेदन नै भन्छ- निर्मलालाई बादशाह कुर्मीले अपहरण गरी बेपत्ता पारेका हुन् । *सेतोपाटी* । https://www.setopati.com/politics/258650 मा उपलब्ध; मंसिर २८, २०८० मा हेरिएको ।

[१२] कान्तिपुर । २०८० । माइतीघरमा विवश नागरिक र गैरजिम्मेवार राज्यको तस्विर । https://ekantipur.com/opinion/2023/08/13/169189075687379078.html मा उपलब्ध; मंसिर २८, २०८० मा हेरिएको ।

[१३] अन्सारीसँग गरिएको कुराकानी ।

[१४] प्रतिरोध पडकास्ट । २०२३ । जस्टिस फर आरती साह । *भिलेज नेपाल स्टुडियो* । https://www.youtube.com/watch?v=T0f2D0gvbKc&t=4254s मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

परिवारको धर्ना बारे प्रतिनिधिसभामा नै कुरा उठ्यो । उनको परिवारलाई यातना दिने र घटनाको अनुसन्धान फितलो बनाउन खोजेका भनिएका प्रहरी अधिकृतलाई जिम्मेवारीबाट हटाइयो । अनि गृहमन्त्री नारायणकाजी श्रेष्ठले आरती साहका परिवारका सदस्यलाई मन्त्रालयमा बोलाई उनीहरूका कुरा सुनेका थिए ।[१५] दुई महिलाको घटनामा प्रहरीले अभियुक्तकै पक्ष लिएको आरोपसहित नेपालगञ्जदेखि पैदल काठमाडौँ आई अनसन बसेको रुबी खानको टोलीलाई सरकारले दुवै घटनामा छानबिन हुने प्रतिबद्धता देखाएको थियो र छानबिन समिति पनि गठन गरेको थियो ।

नागरिक अभियन्ता गोविन्द छन्त्याल भन्छन्, "पीडितले न्याय पाउन निकै संघर्ष गरेका हुन्छन् । आफ्नो परिवार, गाउँ समाज, नजिकका सरकार, जनप्रतिनिधिसम्म धाउँछन्, गुहार माग्छन् । त्यहाँबाट सम्भव नभएपछि मात्र माइतीघर आउने हो र सबैको आँखा पनि काठमाडौँ आएपछि मात्र पर्छ । ती अघिका संघर्षका दिनहरू कसैले देख्दैन र सुन्न खोज्दैन । यसकारण पीडितहरू काठमाडौँ आउन बाध्य भएका हुन् ।"[१६] अर्का नागरिक अभियन्ता सन्जीव उप्रेती पनि यस्तै विचार राख्छन् । उनी भन्छन्, "न्याय प्रणालीमा आमजनताको विश्वास घट्दै गएको छ । अदालतमा मुद्दा छ, प्रहरीले अनुसन्धान गरिरहेको छ । अब त न्याय पाइएला भनेर जनताले विश्वास नै गर्न छाडिसके । अदालतले मेरो पनि कुरा सुन्छ भन्ने विश्वास पीडितलाई छैन । गरिब भएकोले न्यायको संयन्त्रमा पहुँच छैन र सडकमा गयो भने न्याय पाइन्छ कि भन्ने आशाले सडकमा आउँछन् । साथै माइतीघरमा आएपछि मिडियाको पनि कभरेज हुन्छ भन्ने आशले पीडितहरूको काठमाडौँ केन्द्रित आन्दोलन बढेको हो ।"[१७] मिडियाले घटनाको विषयवस्तु उठाएपछि मात्रै अन्य निकायले चासो दिन्छन् । यही मनोविज्ञानले गर्दा नै आफ्ना श्रीमान् चेतन मानन्धरको हत्यामा संलग्न रिगललाई आममाफी दिने सरकारी निर्णयविरुद्ध भारती मानन्धरले सर्वोच्च अदालतमा रिट दायर गरेर मात्रै सन्तोष मानिनन्, माइतीघरमा अनसनसमेत बसिन् ।

## नागरिक प्रतिरोधको कारण र प्रभाव

लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकलाई राज्यका निकायले निष्पक्ष न्याय निरूपण गर्छन् भन्नेमा शङ्का उत्पन्न हुनु हुँदैन । तर माथिका उदाहरणहरूले भने राज्यप्रति शङ्का गर्ने ठाउँ दिएका छन् । धर्ना बसेपछि, अझ काठमाडौँमै धर्ना बसेपछि मात्रै अन्यायमा परेका पीडितको आवाज सुनिनुले राज्यको कार्यप्रणाली र न्यायप्रणाली दुवैप्रति प्रश्न उठाएको छ । यस प्रवृत्तिले आम नागरिकमा काठमाडौँ गएर संघर्ष नगरेसम्म न्याय पाइँदैन भन्ने भावना उत्पन्न भएको हुनुपर्छ । काठमाडौँबाहिरका न्याय निरूपणका निकायले सबै घटनामा बेवास्ता नै गरेका छन् भन्ने कदापि होइन । माथि उल्लिखित घटनामा पनि प्रहरी प्रशासनका आफ्नै भनाइ होलान् । तर घटनाप्रति प्रारम्भिक बेवास्ता र विरोध प्रदर्शनपछि राज्यले गरेको कामकारवाहीले यस्ता घटनामा विरोध गर्नै पर्ने रहेछ र काठमाडौँमा नै विरोध गर्नुपर्ने रहेछ भन्ने सन्देश गएको छ । अर्कातिर, न्याय प्रणाली आफूले भनेजस्तो भएन भने विरोधमा गइहाल्ने खतरा पनि बढेको छ । यी घटनाको विकाससँगै काठमाडौँबाहिरको नागरिक वृत्तमा त्यहाँ प्रतिरोधका गतिविधि गरेर केही हुँदैन भन्ने भाष्य पनि निर्माण हुँदै गएको जस्तो देखिन्छ । यस्तो भाष्य निर्माण हुनु भनेको सामाजिक, आर्थिक र राजनीतिक पहुँच कमजोर भएका सीमान्तकृत नागरिकहरूमा न्यायप्रतिको विश्वास पनि घट्दै जानु हो ।

आरती साहको घटनामा पीडित परिवारलाई आफूहरू गरिब भएकाले अन्यायमा परेको बुझाइ छ । उनीहरूका अनुसार आरती साहका श्रीमान् र ससुरा धनी परिवारको र पहिलेदेखि नै प्रहरी प्रशासनसँग सम्बन्ध र सम्पर्क थियो । चेतन मानन्धरको घटनाका दोषी रिगल नेपाली काँग्रेसमा सक्रिय थिए । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र उपप्रधानमन्त्री पूर्णबहादुर खड्काको दबाबमा उनको रिहाइको फाइल मन्त्रिपरिषद्मा लगिएको सूचना बाहिरिएको थियो ।[१८] त्यसै गरी निर्मला कुर्मीको घटनाका अभियुक्त बादशाह कुर्मी नेपाली काँग्रेसका नेता तथा पूर्व सभासद हुन् । यस घटनामा प्रहरीले बेवास्ता गरेको भन्दै रुबी खानसहितको समूह माइतीघरमा धर्ना बसेपछि सरकारले गृह मन्त्रालयका सहसचिव हिरालाल रेग्मीको संयोजकत्वमा छानबिन समिति बनाएको थियो । उक्त समितिले आफ्नो प्रतिवेदनमा बादशाह कुर्मी र अन्य मिलेर सम्पत्ति हत्याउनकै लागि निर्मला कुर्मीलाई अपहरण गरी बेपत्ता पारेको भने पनि उनीमाथि कारबाही भएको छैन । उनका अन्य मतियारलाई पक्राउ गरिए पनि मुख्य अभियुक्त बादशाह कुर्मी पक्राउ परेनन् ।[१९]

यी माथिका उदाहरणहरूले नेपाली न्याय प्रणालीलाई राजनीतिक शक्ति र धनले प्रभावित गर्न खोज्दैछ भन्ने संकेत गरेको छ । अधिकांश पीडितहरू गरिब, कम शिक्षित र कमजोर हुन्छन् । ती न्यायका लागि वैधानिक निकायसम्म नै मुश्किलले आइपुगेका हुन्छन् । अन्यायमा पर्दा काठमाडौँ जाने र विरोध गर्ने भन्ने सबै पीडितको क्षमता र सामर्थ्य नहुन सक्छ । आरतीको परिवारको दुःख अझै सकिएको छैन । उनीहरू लगातार सात महिनासम्म पनि विरोध प्रदर्शनमा काठमाडौँमा नै छन् जसका लागि उनीहरूले ठूलो कष्ट भोग्नुपरेको छ । त्यसबाहेक उनीहरूले आर्थिक र सामाजिक रूपमा पनि ठूलो मूल्य चुकाउनु परिरहेको छ । दुई महिलाका घटनामा न्याय माग्दै नेपालगञ्जदेखि पैदल काठमाडौँ आउने रुबी खानको टोलीले जस्तो सङ्घर्ष पनि सबैले गर्न सक्दैनन् । अनि त्यस्तो गर्न नसक्ने पीडितहरूले न्याय नपाई चित्त बुझाउनुपरेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा सरकारलाई खबरदारी गर्नु र आफ्ना माग लिई सडक संघर्ष गर्नु, विरोध प्रदर्शन हुनु स्वाभाविक कर्म हो । तर यहाँ उल्लेख भएका जस्ता घटनामा यस्तो विरोध प्रदर्शन गर्नुपर्ने अवस्था नै आउनु नहुने हो ।

[१५] अनलाइन खबर । २०८० । आरतीको माइती पक्षलाई गृह मन्त्रालयले वार्तामा बोलायो । https://www.onlinekhabar.com/2023/11/1389750 मा उपलब्ध; मंसिर २८, २०८० मा हेरिएको ।

[१६] छन्त्यालसँग गरिएको कुराकानी ।

[१७] उप्रेतीसँग गरिएको कुराकानी ।

[१८] ज्ञवाली, कृष्ण । २०८० । रिगल छुटाउन देउवा, पूर्णबहादुर र गृहसचिवको मिलेमतो । *अनलाइन खबर* । https://www.onlinekhabar.com/2023/10/1378097 मा उपलब्ध; ; पुस ६, २०८० मा हेरिएको ।

[१९] शर्मा, शोभा । २०७८ । सरकारी प्रतिवेदन नै भन्छ- निर्मलालाई बादशाह कुर्मीले अपहरण गरी बेपत्ता पारेका हुन् । *सेतोपाटी* । https://www.setopati.com/politics/258650 मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

## नागरिक वृत्त खुम्च्याउने सरकारी प्रयास

न्यायको खोजीमा सात महिनाअघि काठमाडौँ आइपुगेका आरती साहका परिवार अनवरत रूपमा संघर्षरत छन् । सुरुमा माइतीघरमा धर्ना बस्दै आएका उनीहरूलाई प्रहरीले अहिले शान्तिवाटिकामा पुऱ्याएको छ । काठमाडौँ जिल्ला प्रशासन कार्यालयले माइतीघरलाई निषेधित क्षेत्र घोषणा गरेपछि शान्तिपूर्ण रूपमा विरोध गरिरहेका आरतीका परिवारसहित त्यहाँ धर्नारत अन्य पीडितहरूलाई रातारात शान्तिवाटिका पुगेका हुन् । उनीहरूलाई त्यहाँबाट पनि उठेर जान पटकपटक दबाब दिने गरेको बुझिन्छ । शान्तिवाटिकामा समेत उनीहरूलाई बस्न असहज भएपछि त्यहाँ संघर्षरत नागरिकहरू र बृहत् नागरिक आन्दोलनले विभिन्न स्थलमा लागेको निषेधाज्ञा हटाउनुपर्ने मागसहित मंसिर २९, २०८० मा प्रदर्शन गरेका थिए ।

नेपाल कम्युनिष्ट पार्टी - एकीकृत मार्क्सवादी-लेनिनवादी (नेकपा-एमाले) को भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल र दुर्गा प्रसाईको समूहले एकै दिन घोषणा गरेको विरोध प्रदर्शनलाई लक्षित गरी काठमाडौँ जिल्ला प्रशासन कार्यालयले मंसिर ४ देखि ३०, २०८० सम्म माइतीघरदेखि बानेश्वरसम्म निषेधितक्षेत्र घोषणा गरेको थियो । फेरि पुस ६ गते उक्त कार्यालयले अर्को सूचनामार्फत थप दुई महिना ती क्षेत्रमा विरोध प्रदर्शनका गतिविधि गर्न नपाइने बनाएको छ ।[२०]

नागरिकले प्रतिरोधी आवाज व्यक्त गर्ने थलो बनेका माइतीघर, बानेश्वर जस्ता सार्वजनिक स्थलहरूलाई निषेधित क्षेत्र घोषणा गरेपछि नागरिक वृत्त साँघुरिएको छ र यसप्रति नागरिक अभियन्ता एवम् मानव अधिकारकर्मीहरूले विरोध जनाउन थालेका छन् । आम नागरिकले शान्तिपूर्ण धर्ना र विरोध गर्ने स्थलहरूलाई निषेधित क्षेत्र घोषणा गर्नु लोकतान्त्रिक कदम हुँदै होइन । सरकारको यो निर्णयले संविधानप्रदत्त मौलिक तथा लोकतान्त्रिक अधिकार उल्लंघन गरेको गरेको भन्दै पूर्वप्रधानन्यायाधीश एवं राष्ट्रिय मानवअधिकार आयोगका पूर्वअध्यक्ष अनुपराज शर्माले आपत्ति जनाएका छन् ।[२१] चैत ३०, २०७४ मा पनि जिल्ला प्रशासन कार्यालय काठमाडौँले यसै गरी विभिन्न स्थलमा विरोध प्रदर्शनमा रोक लगाएको थियो । तर त्यसविरुद्ध रिट परेपछि सर्वोच्च अदालतले नेपालको कुनै पनि स्थानमा नागरिकले बिना हात हतियार शान्तिपूर्ण भेला हुन पाउने, विचार तथा अभिव्यक्ति राख्न पाउने, प्रदर्शन गर्न पाउने हुनाले त्यसमा बन्देज लगाउन नमिल्ने फैसला गरेको थियो ।[२२] कुनै समयमा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल समेत माइतीघरको सडकमा विरोध प्रदर्शनमा सहभागी थिए । सर्वसाधारण नागरिकले शान्तिपूर्ण धर्ना र विरोध गर्ने सार्वजनिक स्थलहरूमा सरकारी हस्तक्षेप बढ्नु भनेको नागरिक वृत्त र लोकतान्त्रिक पद्धति दुवै खुम्चिनु हो ।

## निष्कर्ष

लोकतान्त्रिक राज्य व्यवस्थामा दण्डहीनतालाई कुनै स्थान हुँदैन । न्याय निरूपण गर्ने संस्थाले निष्पक्ष भई पीडितलाई न्याय र पीडकलाई दण्ड दिन्छन् । तर जब न्याय निरूपणमा सघाउने संस्थाप्रति नै नागरिकको विश्वास मर्छ अनि उसलाई जाने ठाउँ कतै हुँदैन । न्यायमा सर्वसाधारणको पहुँच बढाउनु राज्यको दायित्व हो तर राज्यका निकाय नै न्यायमा अवरोध बन्न पुग्नुले लोकतान्त्रिक पद्धतिलाई कमजोर बनाउँछ । राजनीतिक प्रभाव, पैसा, पहुँच इत्यादिका आधारमा न्याय प्रणाली प्रभावित हुँदै जाने हो भने दण्डहीनताको पराकाष्ठा हुनेछ । सामाजिक, आर्थिक र राजनीतिक पहुँच कमजोर भएको कारणले न्यायिक प्रक्रियामा समान अधिकार नपाउनु लोकतान्त्रिक व्यवस्थालाई सुहाउने कार्य होइन ।

व्यक्तिगत घटनालाई लिएर विरोध प्रदर्शन गर्नुपर्ने र विरोध प्रदर्शनपछि राज्यले कारवाही अगाडि बढाउनुले न्यायको यात्रा कठिन भएको संकेत गर्छ । संघीय प्रणालीको थालनी भएपछि आफ्ना माग लिएर काठमाडौँ नै आउनुपर्ने अवस्था सकिएको छैन । मिडिया, गैर सरकारी संस्था र समग्र राज्य संयन्त्रको केन्द्रीकृत मानसकिताले गर्दा यस्तो भएको हो ।

अर्कोतिर सरकारले नागरिकको आवाज उठाउने सार्वजनिक स्थलहरूमा निषेधाज्ञा जारी गरेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकले शान्तिपूर्वक भेला हुने, विचार राख्ने, विरोध प्रदर्शन गर्ने जस्ता गतिविधि बेरोकतोक सञ्चालन गर्न पाउनुपर्ने हो । तर नागरिकको यो अधिकारलाई नेपालको लोकतान्त्रिक व्यवस्थामा पनि पटकपटक चुनौती दिइएको छ ।

◆◆◆

[२०] दाहाल, मातृका । २०८० । नागरिक मञ्च खुम्च्याउन निषेधित क्षेत्रको दायरा बढाइँदै । *कान्तिपुर* । https://ekantipur.com/news/2023/12/22/expanding-the-restricted-area-to-reduce-the-civil-forum-20-02.html मा उपलब्ध; पुस ६, २०८० मा हेरिएको ।

[२१] दाहाल, मातृका । २०८० । नागरिक मञ्च खुम्च्याउन निषेधित क्षेत्रको दायरा बढाइँदै । *कान्तिपुर* । https://ekantipur.com/news/2023/12/22/expanding-the-restricted-area-to-reduce-the-civil-forum-20-02.html मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।

[२२] अछामी, सरिशा । २०८० । कविता/गजल सुनाउने ठाउँबाट सिंहदरबारलाई दबाब दिने थलो बनेको माइतीघर । *सेतोपाटी* । https://www.setopati.com/social/309361 मा उपलब्ध; पुस ८, २०८० मा हेरिएको ।


सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले गरेका अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।



DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/